# कास्की जिल्ला अदालत
पोखरा

(प्रशासन शाखा )

☎ ०६१-४६२७५५


पत्र संख्या ०७७/०७८

च .नं

*नोट:- जवाफ पठाउँदा फाँट/शाखा र मुद्दा नं. अनिवार्य खुलाईदिनुहोला ।*

## मिति २०७८/१/१४ मा जारी भएको सूचना !

नयाँ भेरिएन्ट सहितको कोभिड-१९ महामारीको दोस्रो लहरको रोकथाम तथा नियन्त्रण सम्बन्धमा जिल्ला प्रशासन कार्यालय कास्कीबाट संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम मिति २०७८/१/१५ गते बिहान ६ बजेदेखि २०७८/१/२१ गते राती १२ बजेसम्म कास्की जिल्ला भर लागू हुनेगरी मिति २०७८/१/१३ मा जारी भएको आदेशको बुँदा नं. ८ मा *"स्वास्थ्य, सुरक्षा, सञ्चार, विद्युत, खानेपानी, औषधी तथा औषधिजन्य उत्पादन तथा बिक्री वितरण लगायतका अत्यावश्यक सेवा तथा कार्य गर्ने बाहेकका अन्य सरकारी तथा गैरसरकारी कार्यालयहरुबाट प्रदान गरिने सेवाहरु प्रवाह नगर्ने"* भन्ने उल्लेख भएबाट यस अदालतबाट मिति २०७८/१/१५ देखि २०७८/१/२१ गतेसम्म निम्न सेवाहरूमात्र प्रवाह गर्ने गरी यस अदालतबाट मिति २०७८/१/१४ मा भएको निर्णय सम्बन्धित सरोकारवालाहरुलाई सूचित गरिन्छ।

१) यस अवधिमा पर्नसक्ने बन्दीप्रत्यक्षीकरण निवेदनको सुनुवाइ र फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ अन्तर्गतका निवेदन,

२) बाल सुधार गृहमा रहेका बालबालिका जिम्मा लिने सम्बन्धी निवेदनउपरको कारबाही,

३) पक्राउ पुर्जी अनुमति, जरुरी पक्राउ पुर्जीको समर्थन सम्बन्धी कार्य, अभियुक्तलाई अनुसन्धान तहकिकातका लागि हिरासतमा राख्न अनुमति दिने (म्याद थप गर्ने), कल डिटेल अनुमति,

४) अभियोगपत्र दर्ता गर्ने, पक्राउ परी आएका अभियुक्तको बयान लिने र थुनछेक आदेश गर्ने सम्बन्धी कार्य,

५) फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ अन्तर्गतका निवेदन सुनुवाइ,

६) पक्षहरू तारेखमा नरहेका र एकपक्षीय सुनुवाइ हुने डिसमिस, तामेली लगायतका मुद्दाको किनारा सम्बन्धी,

७) विचाराधीन मुद्दाको मिलापत्र/मुद्दा फिर्ता सम्बन्धी,

८) यसै विषयमा स्थानीय प्रशासन वा प्रदेश सरकार वा नेपाल सरकार वा उच्च अदालत पोखरा वा सर्वोच्च अदालतबाट समय समयमा हुने आदेश वा निर्णयको सम्वोधन आवश्यकता अनुसार गरिने ।